

कोशी प्रदेश

प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, कार्तिक १३ गते, २०८३ साल (अतिरिक्ताङ्क ३१

भाग २

कोशी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विराटनगर, नेपालको सूचना

प्रदेश सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०८३

अन्तरिम मन्त्रिमण्डल तथा कार्य

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७४ को उपधारा (१) को अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो नियम बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस नियमावलीको नाम **"प्रदेश सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०८३"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ को अनुसूची-१ मा संशोधनः</u> प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ (यसपछि मूल नियमावली भनिएको) को अनुसूची-१ को प्रकरण ६. को सट्टा देहायको प्रकरण ६. राखिएको छः-

"६. भौतिक पूर्वाधार विकास मन्त्रालय,"

३. <u>मूल नियमावलीको अनुसूची-२ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-२ को प्रकरण १. को उपप्रकरण ३०. पछि देहायको उपप्रकरण ३१. र ३२. थप गरिएको छः-

"३१.अध्यादेशको तर्जुमा र सो सँग सम्बन्धित काम,

३२.अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरु ।"

अन्तिम सार्वजनिक कानून मन्त्रालयको प्रदर्शन

४. **<u>मूल नियमावलीको अनुसूची-२ मा संशोधनः</u>** मूल नियमावलीको अनुसूची-२ को प्रकरण २. को उपप्रकरण २९. र ७२. झिकिएको छ।

स्वीकृत मितिः- २०८३/०७/१३

आज्ञाले,
राजु प्रसाद गुरागाई
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np